नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

प.सं. :- ०८२/८३

च.नं. :- २२१

मिति :- वि.सं. २०८२/०८/२५

ने.स. :- ११४६ थिंलागा, ७ बिहिवार

विषयः २०८२ पुष महिनामा प्रकाशन गर्न लोककल्याणकारी विज्ञापन पठाइएको सम्बन्धमा ।

श्री सम्पादक/प्रकाशकज्यू,
प्रेस काउन्सिल नेपालको आ.व. २०७८/७९ को बर्गीकरणमा परेका पत्रपत्रिका सबै ।

विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा ३२, विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६, छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ को दफा ८(२) बमोजिम छापामाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने प्रयोजनको लागि प्रेस काउन्सिल नेपालको आ.व. २०७८/७९ को वर्गीकरणमा परेका पत्रपत्रिकाले २०८२ साल पुष महिनामा प्रकाशन गर्नका लागि लोककल्याणकारी विज्ञापन संलग्न गरी पठाइएको छ । बोर्डबाट उपलब्ध गराइएको लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा देहाय बमोजिमका साथै छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ बमोजिम गर्नु गराउनु हुन साथै सो बमोजिम नभएमा लोककल्याणकारी विज्ञापन प्रकाशन वापतको रकम भुक्तानी नहुने व्यहोरा निर्णयानुसार अनुरोध छ ।

**देहायः**

१. **मतदानमा सहभागी बनौं र निर्वाचनमा सहभागी बनौं** भन्ने शिर्षकका विज्ञापनलाई प्राथमिकताका साथ प्रकाशित गर्नु हुन ।
२. छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८२ को दफा ११ बमोजिमको आकार र अङ्कमा विज्ञापन प्रकाशन गर्नु हुन ।
३. पत्रसाथ उपलब्ध गराइएका विज्ञापनहरु २०८२ साल पुष महिनाको लागि भएकोले सोही महिनामा मात्र प्रकाशित गर्नु हुन ।
४. लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा फरक अंकमा नदोहोऱ्याई फरक फरक विज्ञापन प्रकाशन गर्नु हुन ।
५. २०८२ पुष महिनाको लोककल्याणारी विज्ञापन प्रकाशन गरिएका पत्रिका, सोको विल २०८२ माघ ७ गतेभित्र अनिवार्य रुपमा बोर्ड/हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयमा भुक्तानीको लागि पेश गर्नु हुन ।

**बोधार्थः**

श्री हुलाक निर्देशनालय (सबै)

श्री जिल्ला हुलाक कार्यालय (सबै)

२०८२/८/२५

..............................

(डिल्ली राम सुवेदी)

शाखा अधिकृत

इमेलः info@adboard.gov.np फोन नं: +९७७ ०१५९०९३४४ वेबसाइटः https://adboard.gov.np/



about:blank

Scanned with CamScanner

# मतदानमा सहभागी बनौं।

- ❖मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो।
- ❖मतदाताको अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरौं।
- ❖मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको एकिन गरौं।
- ❖मतदान स्थल, केन्द्र र समयको बारेमा जानकारी राखौं।
- ❖मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्यरुपमा लिएर जाऔं।
- ❖दबाब र प्रभावमा परी मतदान नगरौं।
- ❖व्यक्तिगत विवेकका आधारमा मतदान गरौं।
- ❖अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं।
- ❖सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं।
- ❖राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# राष्ट्रिय झण्डाको सम्मान गरौं।

राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाइँदैनः

- ❖राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न।
- ❖राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न।
- ❖व्यापारिक प्रयोजनका लागि दुरुपयोग गर्न।
- ❖शरीरको कम्मरभन्दा तलको भागमा लगाउन।
- ❖शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री-बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक-चिन्ह राख्न।
- ❖फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं।

राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता, पहिचान र स्वाभिमानको रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं।

**जाडो तथा चिसोको समयमाः**

- ❖मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन्।
- ❖बालबालिका, बृद्धबृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन सक्छन्।
- ❖चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं।
- ❖तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं।
- ❖शारीरिक व्यायाम गरौं, धुम्रपान/मद्यपान नगरौं।
- ❖घर तथा कोठा न्यानो बनाऔं।
- ❖नियमित घाम ताप्ने गरौं।

**स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।

- ❖आगो तथा हीटर नजिकबाट नतापौं।
- ❖कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं।
- ❖कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- ❖आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
- ❖बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- ❖बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं।
- ❖घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- ❖आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# निर्वाचनमा सहभागी बनौं।

❖आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो।

❖निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो।

❖मतदानबाट नागरिकले आफ्ना प्रतिनिधिमार्फत शासन सञ्चालनमा सहभागिता जनाउने।

❖स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा सत्ताको शान्तिपुर्ण हस्तान्तरण हुने।

❖निर्वाचनबाट मौलिक हक र मानवअधिकारको संरक्षण हुने।

❖मतदाताको राजनीतिक छनौटको अधिकार सुनिश्चित हुने।

❖लोकतन्त्रको संस्थागत विकास र विधिको शासन स्थापित हुने।

❖जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण हुने हुँदा, निर्वाचनमा सहभागी बनौं, मताधिकारको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सामाजिक अपराध तथा हिंसा विरुद्ध एकजुट होऔं।

- ❖कुनै पनि प्रकारका हिंसा, दुर्व्यवहार, विभेद जस्ता सामाजिक अपराधजन्य क्रियाकलाप नगरौं।
- ❖त्यस्ता कार्य भएको देखेमा स्थानीय प्रशासनमा खबर गरौं।
- ❖सामाजिक अपराध र हिंसा विरुद्ध एकताबद्ध भएर आवाज उठाऔं।
- ❖बालबालिका, महिला, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरू माथि हुने हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गरौं।
- ❖सामाजिक सञ्जाल, सञ्चार माध्यममार्फत फैलन सक्ने झुठा समाचार, बदनियतपूर्ण/द्वेषपूर्ण सामग्री प्रति सजग रहौं।
- ❖मानवीय मर्यादाको संरक्षण गर्दै छिमेकी र समुदायलाई सहयोग गरौं।
- ❖विद्यालय, टोल तथा सामुदायिक संस्थामा हिंसारहित व्यवहार गरौं।
- ❖सामाजिक अपराध रोक्न समुदाय–प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी बनाऔं।

अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं, पिडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रतिलिपि अधिकार संरक्षण गरौं।

❖सर्जकको सम्मान शब्दले होइन व्यवहारमा गरौं।
❖सिर्जनालाई बचाऊँ, सर्जकलाई सम्मान गरौं।
❖अर्काको सृजना वा रचना चोरी नगरौं।
❖प्रतिलिपि अधिकार उल्लङ्घन नगरौं।
❖बौद्धिक सम्पत्तिको रक्षा गरौं।
❖सृजनाको संरक्षण गरौं।

**सर्जकलाई सम्मान, प्रतिलिपि अधिकारको संरक्षण ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# विज्ञापन व्यवसाय सञ्चालन गर्दा ध्यान दिऔं।

- ❖विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं।
- ❖विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं।
- ❖विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजुरी गरौं।
- ❖विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच द्विपक्षीय तथा त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं।
- ❖सञ्चारमाध्यमबाट जारी बीजकको आधारमा एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं।
- ❖सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तिन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं।

विज्ञापन व्यवसायलाई मर्यादीत तथा पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# उपभोक्ताको सूचना पाउने हक सुनिश्चित गरौं ।

❖वस्तु तथा सेवा प्रदायकले आफ्नो उत्पादन/सेवाका बारेमा तथ्यपूर्ण जानकारी दिऔं।

❖गुणस्तर, मूल्य, मात्रा, प्रयोगको अन्तिम म्याद, जोखिम तथा प्रयोग विधि सार्वजनिक गरौं।

❖झुट्टा दावी, भ्रमपूर्ण प्रचार, अतिरञ्जित विज्ञापन नगरौं/नगराऔं।

❖उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरौं/गराऔं।

❖उपभोक्ताको तथ्यपूर्ण सूचना पाउने हकको संरक्षण गरौं।

❖उपभोक्ता हकको संरक्षणलाई सामाजिक जिम्मेवारीका रूपमा लिऔं।

❖सबै वर्ग र समूदायका उपभोक्ताले सजिलै बुझ्ने भाषा, माध्यम र प्रस्तुति गरौं।

❖अनुचित व्यापारिक क्रियाकलाप तथा उपभोक्ता छल्ने प्रवृत्तिको अन्त्य गरौं।

❖उपभोक्तालाई मर्का परे उजुरी दिने लिने व्यवस्था मिलाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# समावेशी समाजको प्रवर्द्धनः सामाजिक उन्नतिको संवर्द्धन

❖सबैको समान अधिकार सुनिश्चित गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सेवासुविधामा पहुँच बढाऔं।

❖भौतिक संरचना, यातायात र सार्वजनिक स्थानहरू अपाङ्गतामैत्री बनाऔं।

❖सूचना र प्रविधि सबैका लागि पहुँचयोग्य बनाऔं।

❖समाजमा विद्यमान विभेद अन्त्य गर्न सचेतना अभिवृद्धि गरौं।

❖अवसर र क्षमताका आधारमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरौं।

❖सुरक्षा, सम्मान र आत्मविश्वास बढाउने कार्यक्रम सञ्चालन गरौं।

❖बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिऔं।

**परिवार, समुदाय र सहकार्यमार्फत समावेशी समाज निर्माण गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# इन्फ्लुइन्जा (फ्लू) बाट सुरक्षित रहौं ।

इन्फ्लुएन्जा (फ्लू) बाट बचनः

❖नियमित रुपमा सावुन पानीले हात धुने गरौं।

❖खोक्दा वा हाच्छ्युँ गर्दा नाक, मुख रुमाल वा कुहिनोले छोपौं।

❖जाडोमा टाउको, हातखुट्टा छोपिने गरी न्यानो कपडा लगाऔं।

❖भिडभाड र बन्द ठाउँमा धेरै समय नबसौं।

❖फ्लूका लक्षण (ज्वरो, खोकी, घाँटी दुख्ने, थकान) देखिए सावधानी अपनाऔं।

❖सफा, ताजा र पोषिलो खाना खाऔं।

❖बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा दीर्घरोगीको विशेष संरक्षण गरौं।

**स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# उपभोक्ता अधिकारको संरक्षण गरौं।

- गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको अधिकारको रक्षा गरौं।
- कारोबारमा बिल/बीजक लिने र दिने गरौं, कारोबारलाई पारदर्शी बनाऔं।
- नाफाको उद्देश्यले झुट्टा, भ्रमपूर्ण विज्ञापन तथा सूचना नदिऔं।
- वस्तु/सेवाको मूल्य, मात्रा, म्याद सकिने मिति, गुणस्तर एकिन गरेरमात्र खरिद बिक्री गरौं।
- वस्तु वा सेवाको प्रयोगबाट कुनै हानि, नोक्सानी भए स्थानीय प्रशासनमा उजुरी गरौं।
- वस्तु तथा सेवाको प्रयोगबाट क्षति पुगे क्षतिपूर्ति मागौं।
- निष्पक्ष तथा तथ्यपरक सूचना पाउने उपभोक्ता अधिकारको रक्षा गरौं।
- भ्रमपूर्ण विज्ञापन तथा सूचनाको कारण उपभोक्ता ठगिएमा विज्ञापन बोर्डमा उजुरी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं।

- ❖मौलिक संस्कृतिको रक्षा गरौं।
- ❖राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
- ❖मातृभाषाको सम्मान गरौं।
- ❖परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
- ❖महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
- ❖सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
- ❖सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
- ❖आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड